# सिद्धार्थनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सिद्धार्थनगर, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

Siddharthanagar Municipality
Office of the Municipal Executive
Siddharthanagar Rupandehi
Lumbini Province Nepal

NAB RAJ POUDYAL
Chief Administrative Officer

बसपार्क प्रवेश तथा पार्किङ्ग शुल्क संकलन कार्यको ठेक्का बन्दोबस्तका लागि विद्युतिय बोलपत्र आह्वान सम्बन्धी सूचना ।

प्रथम पटक सूचना प्रकाशित मिति : २०८०।०२।१९ गते

स्थानिय सरकार संचालन ऐन-२०७४, रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन-२०२० तथा सिद्धार्थनगर नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धि कार्यविधि-२०७८ बमोजिम बसपार्क प्रवेश तथा पार्किङ्ग शुल्क संकलन कार्यको ठेक्का बन्दोबस्त गर्नु परेकोले इच्छुक फर्मले तपसिल बमोजिमको शर्तको अधिनमा रही विद्युतीय बोलपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्रम संख्या | ठेक्का नं. | आन्तरिक आय शिर्षक | ठेक्का अवधि | न्युनतम रकम | विवरण |
|---|---|---|---|---|---|
| १. | NCB/SNP/IR/079-80/2 | बसपार्क प्रवेश शुल्क तथा पार्किङ्ग शुल्क | २०८० साल श्रावण १ गते देखि २०८३ साल असार मसान्त सम्म । (आ.व.२०८०/०८१ देखि आ.व. २०८२/०८३ सम्म तिन वर्षका लागि) | रु.३,३१,००,०००।०० (तिन करोड एकतिस लाख मात्र ।) | सिद्धार्थनगर वडा नं.३ स्थित सिद्धार्थ बसपार्क हाता भित्र प्रवेश तथा रात्री पार्किङ्ग गर्ने सवारी साधन सँग । |

**शर्त तथा बन्देजहरु**

१- बोलपत्र दस्तुर रु.५,०००।०० (पाँच हजार) फिर्ता नहुने कृषि विकास बैंक, शाखा कार्यालय, सिद्धार्थनगर स्थित (ग-१-१)०४-०११४५६३४-२०-८ मा जम्मा गरि फर्मको व्यवसायिक इजाजत नविकरण भएको, आयकर तथा मुल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ (एकत्तीसौं) दिन मिति २०८० साल असार १७

Siddharthanagar Municipality Office of the Municipal Executive Siddharthanagar Rupandehi Lumbini Province Nepal

NAB RAJ POUDYAL
Chief Administrative Officer


गते भित्र दिनको १२ बजे सम्म विद्युतिय बोलपत्र www.bolpatra.gov.np बाट फाराम खरिद गर्न र दर्ता गर्न सकिनेछ ।

२- दर्ता भएको बोलपत्र सोही दिनको १:०० बजे बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र खरिद, दाखिला वा खोल्ने दिन बिदा परेमा क्रमश: सो को भोलिपल्ट वा कार्यालय खुलेको दिन सोही समयमा खरिद, दाखिला तथा खोल्ने कार्य हुनेछ ।

३- बोलपत्र पेश गर्दा कबोल गर्ने कुल रकमको पाँच प्रतिशत (५%) रकम यस कार्यालयको कृषि विकास बैंक लि., शाखा कार्यालय सिद्धार्थनगर स्थित धरौटी खाता नं. (ग-३)०४-१४६-०११४५६३४-०३-८ मा जम्मा गरेको सक्कल बैंक भौचर/नगद वा ने.रा. बैंक बाट मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको १२० दिनको म्याद भएको बिडबण्ड (धितो जमानी पत्र) पेश गर्नु पर्नेछ ।

४- रीत नपुगेको, समय भित्र प्राप्त नभएको, सूचनाको शर्त विपरित भएको बोलपत्र माथि कुनै कारवाही हुने छैन ।

५- बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६- बोलपत्र दर्ता गर्नु अगावै बोलपत्र सँग सम्बन्धित आवश्यक जानकारी लिन सकिने छ ।

७- यस नगरक्षेत्र भित्र स्थायी ठेगाना भएका फर्मवाला बोलपत्रदाताहरुले अनिवार्य रुपमा नगरपालिकामा व्यवसाय कर दर्ताको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ । बोलपत्र खरिद गर्न चाहने फर्मको हकमा सम्बन्धित निकायमा दर्ता भई नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी निवेदन पेश गर्नुपर्नेछ ।

८- ठेक्काको कबोल अंकलाई तिन वर्षले भाग गरी आउने वार्षिक रकमलाई चौमासिक रुपमा तिन किस्तामा विभाजन गरि किस्ता रकम बुझाउनु पर्नेछ । पहिलो किस्ताको रकम ठेक्का सम्झौता गर्दाका बखत बुझाउनु पर्नेछ । दोश्रो र तेश्रो किस्ताको रकम प्रत्येक चौमासिकको शुरुको महिनाको दश गते भित्र बुझाईसक्नु पर्नेछ । किस्ता रकम तोकिएको समयमा नबुझाएको खण्डमा

ढिलो गरि बुझाएमा दश प्रतिशत जरिवाना लाग्नेछ। किस्ता रकम दाखिला नहुन आएको खण्डमा बैंक ग्यारेन्टी बापत राखेको परफरमेन्स बण्डबाट असुल उपर गरिनेछ।

९- किस्ता रकम दाखिला गर्दा मुल्य अभिवृद्धी कर तथा आयकर समेत अग्रीम रुपमा दाखिला गरि भौचर उपलब्ध गराउनु पर्नेछ।

१०- बसपार्क प्रवेश शुल्क तथा पार्किङ्ग शुल्कको दर नगरपालिकाको आर्थिक ऐन-२०८० मा उल्लेख भए बमोजिम हुनेछ। तोकिएको दर रेट र तोकिएको स्थान भन्दा बाहिर गई शुल्क संकलन गर्न पाइने छैन। यस शर्त भन्दा बाहिर गई शुल्क संकलन गरेको उजुरी परि छानबिन गर्दा प्रमाणित हुन आएको अवस्थामा पहिलो पटक स्पष्टिकरण सोधि जरिवाना स्वरुप रु. दश हजार जरिवाना गरिने तथा दोश्रो पटकका लागि ठेक्का रद्द गरी बैंक ग्यारेन्टी जफत सम्मको कारवाही गरिनेछ।

११-ठेकेदारले शुल्क संकलन कार्यका लागि प्रयोग गर्ने रसिद नगरपालिकाले दिएको नमुना अनुसार आफैंले रसिद छपाई गरी यस कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोग गर्नु पर्नेछ। प्रमाणित नगरेको रसिदबाट शुल्क संकलन गरेको पाइएमा प्रत्येक पटक रु.१०००।०० (एकहजार) जरिवाना गर्न सकिने छ।

१२- सम्झौता अनुसार कबोल गरेको रकममा कुनै कारण देखाई रकम घटाउने वा मिन्हा हुने छैन।

१३-यसमा नपरेको अन्य कुराहरु स्थानिय सरकार संचालन ऐन-२०७४, रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन-२०२०, सिद्धार्थनगर नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धि कार्यविधि-२०७८ र सार्वजनिक खरिद ऐन-२०६३ अनुसार हुनेछ।

१४- बसपार्क प्रवेश तथा पार्किङ्ग शुल्कको दररेट

| क.स. | सिद्धार्थ बसपार्क प्रवेश शुल्क (पटके) | दर रेट |
|---|---|---|
| १. | लामोदुरीमा चल्ने सवारी साधन बस, मिनीबस | ८५।०० |

| | | |
|---|---|---|
| २. | छोटोदुरीमा चल्ने सवारी साधन बस. मिनी बस | ५०।०० |
| ३. | लामोदुरीमा चल्ने सुमो जिप आदिमा | ५०।०० |
| ४. | टेम्पो, टयाक्सी, जिप, आदिमा | २५।०० |
| ५. | मोटर साईकाल | १०।०० |
| ६. | ई-रिक्सा प्रति ट्रिप | ५।०० |
| ७. | बसपार्कमा रात्री गाडी पार्किङ्ग शुल्क | १००।०० |

१५- यस सम्बन्धमा अन्य थप केही कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क गर्न सकिनेछ वा विस्तृत विवरणका लागी वेभसाइट www.siddharthanagarmun.gov.np मा हेर्न सकिनेछ ।

# सिद्धार्थनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सिद्धार्थनगर, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

Siddharthanagar Municipality
Office of the Municipal Executive
Siddharthanagar Rupandehi
Lumbini Province Nepal

NAB RAJ POUDYAL
Chief Administrative Officer

**बोलपत्र फाराम नं.** NCB/SNP/IR/079-80/2

**सिद्धार्थनगर नगरपालिका वडा नं.३ मा रहेको सिद्धार्थ बसपार्क भित्र प्रवेश तथा पार्किङ्ग गर्ने सवारी साधनहरु सँग प्रवेश तथा पार्किङ्ग शुल्क संकलन कार्यको बोलपत्र फाराम**

| क.स. | विवरण | २०८० साल श्रावण १ गते देखि २०८३ साल असार मसान्त सम्मका लागी कबोल रकम | | धरौटी रकम (पाँच प्रतिशत) | कैफियत |
|---|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | | |
| १. | सिद्धार्थनगर नगरपालिका वडा नं.३ मा रहेको सिद्धार्थ बसपार्क प्रवेश गर्ने सवारी साधनहरु बाट बसपार्क प्रवेश तथा पार्किङ्ग शुल्क ठेक्काबाट संकलन गर्ने कार्य (आ.व.२०८०/०८१ देखि २०८२/०८३ सम्मका लागी) | | | | |

बोलपत्रदाताको

नाम :-

वतन :-

दस्तखत :-

मिति :-

सम्पर्क नं. :-

नोट : बोलपत्र फाराममा कुनै केरमेट गर्नुपरेमा केरमेट भएको स्थानमा बोलपत्रदाताको सहिछाप अनिवार्य रुपमा हुनुपर्नेछ ।